# हाम्रो भनाई

राष्ट्रिय बहिरा महासंघ नेपाल, नेपाली बहिरा समुदायको छाता संस्था हो। राष्ट्रिय बहिरा महासंघ नेपालले अपाङ्गता समावेशी विकासको सहयोगमा भरतपुर र कालिका नगरपालिका सगँको सहकार्यमा अपाङ्गता सम्बन्धी "अपाङ्गताको परिचय र वर्गीकरण सम्बन्धी हाते पुस्तिका" प्रकाशन गर्ने ठूलो उपलब्धी ठानेको छ। यस पुस्तकले अपाङ्गता भएका व्यक्तिको पहिचा नगर्न, सरकारी तथा गैरसरकारी निकायहरूबाट प्रवाह गरिने सेवा सुविधा, अवसर, कानुनी आधारको बारेमा जानकारी प्रदान गरी विभिन्न क्षेत्रका अधिकार सुनिश्चित गर्नका लागी बुझाइमा पहुँच पुग्ने विश्वास यस महासंघले लिएको छ।

समाबेशि विकासको अवधारणमा अपाङ्गता भएका व्यक्तिहरुको अर्थपूर्ण सहभागिताको सवाल उठ्दै आएको अहिलेको अवस्थामा अपाङ्गता भएका व्यक्तिहरुले आफनो पहिचान अनुरुप परिचयपत्र प्राप्त गर्न नसक्नु, शिघ्र पहिचान र अपाङ्गताको बिबिधता अनुसारका सेवाहरुमा पहुँच हुने अवस्थाका कारण अधिकांश अपाङ्गता भएका व्यक्तिहरु शिक्षा, स्वास्थ्य, सञ्चार, गमनशीलता, वैयक्तिक विकास लगायतका आधारभूत अधिकारहरुबाट बञ्चित रहदै आएको पाइन्छ।

यस "अपाङ्गताको परिचय र वर्गीकरण सम्बन्धी हाते पुस्तिकाले" अपाङ्गताको गाम्भिर्यता र प्रकृतिको आधारमा अपाङ्गता भएका व्यक्तिहरुको पहिचान, आवश्यकताको पहिचान र सोही अनुरुप घरपरिवार तथा समुदायमा आधारित सेवाहरु, शिक्षामा सरल र सहज पहुँच अभिबृद्धि गर्ने तथा सहजीकरण गर्ने उद्देश्यले प्रकाशन गरिएको हो। यस हाते पुस्तिका निर्माणमा निरन्तर लाग्न भएका महासंघका कर्मचारीहरु लगायत पुस्तिकाले आउट, डिजाइन तथा सम्पादनमा सहयोग गर्नुहुने महानुभावहरु धन्यवादका पात्र हुनुहुन्छ।

अन्तमा, अपाङ्गता सम्बन्धी सवालहरुमा निर्मित यस स्वाध्ययन सामग्रीलाई सम्बन्धित सबै सरोकारवालाहरु समक्ष पुर्याउन, यसको भरपूर उपयोग गर्न सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ। अपाङ्गताका थप सवालहरु समावेश गरी यस पुस्तिकालाई अझै परिमार्जित गर्न तथा श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरु लगायत जटिल प्रकृतीका अपाङ्गता भएका व्यक्तिहरुको विकास र अधिकारमा पहुँच स्थापना गर्न यहाँहरुको अमूल्य सुझाव र सहयोगको अपेक्षा समेत गरेको छ।

केपी अधिकारी

अध्यक्ष

२० चैत्र, २०७९

# अपाङ्गता

## १. अपाङ्गताको परिभाषा

"अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ। (स्रोतः अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४)



सन्दर्भ स्रोतहरू :
अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी) २००६
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४
अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी नियमावली २०७७
अपाङ्गता स्रोत पुस्तिका २०७८
श्रवणदृष्टि विहीनता सम्बन्धी स्रोत पुस्तिका २०७९

## २. अपाङ्गताको वर्गीकरणः

अपाङ्गतालाई प्रकृति र गम्भिरताको आधारमा निम्नानुसार २ भागमा वर्गीकरण गरीएको छ।

### २.१ प्रकृतिको आधारमा

अपाङ्गतालाई प्रकृतिको आधारमा निम्नानुसार १० भागमा वर्गीकरण गरीएको छ।

#### २.१.१ शारीरिक अपाङ्गता

स्नायु, मासंपेशी र जोर्नी तथा हड्डीको बनावट एवं सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सञ्चालन, प्रयोग र हिँडडुलमा समस्या (जस्तैः बाल मस्तिष्क पक्षघात, शारीरिक अङ्गविहीन, कुष्ठ प्रभाव, मांसपेशी विचलन (मस्कुलर डिस्ट्रोफी), जोर्नी र मेरूदण्ड सम्बन्धी स्थायी समस्या, क्लव फीट (पैँताला फर्केको), रिकेट्स हड्डी सम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता तथा सोह्र वर्ष उमेर पुगेको व्यक्तिमा उमेर बमोजिम हुनुपर्ने औसत उचाइ भन्दा ज्यादै कम (३ फिट मुनिको) उचाइ भएको व्यक्ति।



#### २.१.२ दृष्टि सम्बन्धी अपाङ्गता

दृष्टि सम्बन्धी देहायको कठिनाईबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङ्गको ज्ञान नहुने,

*(क) दृष्टि विहीनता:* औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुबै आँखाले हातको औँला दश फिटको दुरीबाट छुट्याउन नसक्ने वा स्नेलेन चार्टको पहिलो लाइनको अक्षर (३/६०) मा पढ्न नसक्ने व्यक्ति।

*(ख) न्यून दृष्टियुक्त:* औषधि, शल्य चिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि बीस फिटको दूरीबाट हातको औंला छुट्याउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षरहरु (६/१८) पढ्न नसक्ने।


सन्दर्भ स्रोतहरू :
अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी) २००६
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४
अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी नियमावली २०७७
अपाङ्गता स्रोत पुस्तिका २०७८
श्रवणदृष्टि विहीनता सम्बन्धी स्रोत पुस्तिका २०७९

*(ग) पूर्ण दृष्टिविहीनः* पूर्ण रुपमा उज्यालो वा अँध्यारो छुट्याउन नसक्ने व्यक्ति ।



## २.१.३ सुनाइ सम्बन्धी अपाङ्गता

सुनाइका अङ्गको बनावट एवं स्वरको पहिचान, स्थान, उतारचढाव तथा स्वरको मात्रा र गुण छुट्याउन नसक्ने,

*(क) बहिराः* ८० डेसिबलभन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति ।

*(ख) सुस्तश्रवण:* सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा ६५देखि ८० डेसिबल सम्मको ध्वनि सुन्न सक्ने व्यक्ति ।




## २.१.४ श्रवणदृष्टि विहीन अपाङ्गता

सुनाइ सम्बन्धी र दृष्टिसम्बन्धी दुवै अपाङ्गता भएको वा दुईवटा इन्द्रिय सम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति ।

अपांगताको पहिचान

सन्दर्भ स्रोतहरू :

अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी) २००६
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४
अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी नियमावली २०७७
अपाङ्गता स्रोत पुस्तिका २०७८
श्रवणदृष्टि विहीनता सम्बन्धी स्रोत पुस्तिका २०७९



## २.१.५ स्वर र बोलाइ सम्बन्धी अपाङ्गता

स्वर र बोलाइ सम्बन्धी अङ्गमा उत्पन्न कार्यगत सीमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोर्याउने व्यक्ति ।




अपांगताको पहिचान

सन्दर्भ स्रोतहरू :

अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी) २००६

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी नियमावली २०७७

अपाङ्गता स्रोत पुस्तिका २०७८

श्रवणदृष्टि विहीनता सम्बन्धी स्रोत पुस्तिका २०७९

## २.१.६ मानसिक वा मनोसामाजिक अपाङ्गता

मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फूर्ति, स्मरणशक्ति, भाषा, गणना जस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति।



## २.१.७ बौद्धिक अपाङ्गता

उमेरको बृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति। (जस्तैः डाउन्स सिन्ड्रोम समेत)



**२.१.८ अनुवंशीय रक्तश्राव (हेमोफिलिया)** सम्बन्धी अपाङ्गता अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति।


अपांगताको पहिचान

सन्दर्भ स्रोतहरू :

अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी) २००६

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी नियमावली २०७७


अपाङ्गता स्रोत पुस्तिका २०७८

श्रवणदृष्टि विहीनता सम्बन्धी स्रोत पुस्तिका २०७९



## १.९ अटिज्म सम्बन्धी अपाङ्गता

जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यक्ति। (जस्तैः सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाई हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउनु, अस्वभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रियाकलाप लगातार दोयाइरहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यक्ति)





सन्दर्भ स्रोतहरू :
अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी) २००६
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४
अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी नियमावली २०७७
अपाङ्गता स्रोत पुस्तिका २०७८
श्रवणदृष्टि विहीनता सम्बन्धी स्रोत पुस्तिका २०७९

## १.१० बहुअपाङ्गता

एउटै व्यक्तिमा माथि उल्लिखित दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएको व्यक्ति। (जस्तै: मस्तिष्क पक्षघात आदि)



## २.२ गम्भिरताको आधारमा

गम्भिर्यताका आधारमा अपाङ्गतालाई ४ वर्गमा विभाजन गरी सोही अनुसार अपाङ्गता परिचयपत्रको व्यवस्था निम्नानुसार रहेको छ।

## २.२.१ पूर्ण अशक्त अपाङ्गता

परिचय-पत्र (क वर्ग)-रातो रङ्गको परिचय पत्र

अरुको सहायता निरन्तर लिएर आफ्ना सामान्य दैनिक क्रियाकलाप देखि लिएर सार्वजनिक जीवनमा समेत सहभागि हुन असाध्यै कठिन हुने अवस्था भएको व्यक्तिलाई नेपाल सरकार स्थानिय तहले यो 'क' वर्गको अपाङ्गता परिचय पत्र प्रदान गर्दछ। देहाय अनुसारका व्यक्तिले रातो कार्ड प्राप्त गर्छन्

१. व्यक्तिको शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी प्रणालीहरुमा भएको क्षति र यसले ल्याएको कार्यगत विचलनको अवस्था असाध्यै गम्भीर भई अरूको सहयोग लिएर पनि दैनिक जीवन सम्पादन गर्न असाध्यै कठिन हुने व्यक्ति।

२. सामान्य भन्दा सामान्य दैनिक क्रियाकलापहरु पनि स्वयं गर्न नसक्ने र अन्य व्यक्तिको सहयोग आवश्यक पर्ने, गम्भिर बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, तीव्र रुपमा अटिजम प्रभावित व्यक्ति, पूर्ण रुपमा श्रवणदृष्टि विहीन व्यक्तिहरु।

३. दुई वा सोभन्दा बढी प्रकृतिका शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षति भई सबैजसो दैनिक क्रियाकलापहरु अन्य व्यक्तिकै सहयोगमा गर्नुपर्ने अवस्थाका व्यक्तिहरु।



सन्दर्भ स्रोतहरू :
अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी) २००६
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४
अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी नियमावली २०७७
अपाङ्गता स्रोत पुस्तिका २०७८
श्रवणदृष्टि विहीनता सम्बन्धी स्रोत पुस्तिका २०७९

४. निरन्तर रुपमा सघन हेरचाह (स्याहार सुसार) को आवश्यक परिरहने शारीरिक अपाङ्गता भएका व्यक्ति वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू।

(यो परिचय पत्र प्राप्त गर्ने अपाङ्गता भएका व्यक्तिले हाल सम्म नेपाल सरकार स्थानीय तहबाट मासिक रु. ३९९० सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेछन्।

## २.२.२ अति अशक्त अपाङ्गता परिचय-पत्र (ख वर्ग)-निलो रङ्गको परिचय पत्र

अरुको सहायता निरन्तर लिएर आफ्ना सामान्य दैनिक कृयाकलाप देखी लिएर सार्वजनिक जीवनमा समेत सहभागि हुन सक्ने अवस्था भएको व्यक्तिलाई नेपाल सरकार स्थानिय तहले यो 'ख' वर्गको अपाङ्गता परिचय पत्र प्रदान गर्दछ। देहाय अनुसारका व्यक्तिले नीलो कार्ड प्राप्त गर्छन्

१. शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षति वा विचलन भएतापनि निरन्तर वा अधिकांश समय सहयोगी, दोभाषे वा मानव पथप्रदर्शक आदिको सहयोगमा आफ्नो दैनिक क्रियाकलापहरु लगायत हिडडुल र संचार गर्न कठिनाइ हुने व्यक्तिहरु।

२. मष्तिस्क पक्षघात, मेरुदण्डमा चोटपटक वा पक्षघात, हेमोफिलिया, मांशपेशी सम्बन्धी समस्या वा विचलन लगायत अन्य विभिन्न कारणले शरीरको ढाड, हात, गोडा, कम्मर आदिले काम गर्न नसकी दैनिक आवागमनको लागि ह्विलचियर प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरू।

३. दुवै हात कुमदेखि वा पाखुरादेखि मुनी पुरै नचल्ने वा गुमाएका, विभिन्न कारणले दुवै हात र गोडा गुमाएका वा नचल्ने, कम्मरभन्दा मुनिको माग गुमाएका वा नचल्ने, दुवै गोडा पूर्ण क्रियाशील नभई बैसाखीको प्रयोग गर्ने व्यक्तिहरू।

४. दृष्टिविहिन र पूर्ण दृष्टिविहीनको परिभाषा अन्तर्गत पर्ने व्यक्तिहरू।

५. संचारको लागि निरन्तर दोभाषे आवश्यक पर्ने पूर्ण रुपमा कान सुन्न नसक्ने (बहिरा), दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न नसक्ने, सिकाइमा समस्या भएका बौद्धिक अपाङ्गता वा अटिज्म भएका व्यक्तिहरु, निरन्तर अरूको सहयोग लिइरहनुपर्ने बहुअपाङ्गता भएका व्यक्तिहरू।

यो परिचय पत्र प्राप्त गर्ने अपाङ्गता भएका व्यक्तिले नेपाल सरकारबाट हाल सम्म स्थानीय तहबाट मासिक रु. २१२८ सामाजिक सुरक्षा भत्ता प्रदान गरीएको छ।

## २.२.३ मध्यम अपाङ्गता परिचय-पत्र (ग वर्ग)-पहेँलो रङ्गको परिचय पत्र

कृत्रिम अङ्ग वा सहायक सामग्रीको प्रयोग गरी आफ्नो दैनिक कामहरू आफै गर्न सक्ने अवस्था भएको व्यक्तिलाई नेपाल सरकार स्थानिय तहले यो 'ग' वर्गको अपाङ्गता परिचय पत्र प्रदान गर्दछ। देहाय अनुसारका व्यक्तिले पहेँलो कार्ड प्राप्त गर्छन्।

१. कृत्रिम अङ्ग, क्यालीफर, विशेष प्रकारका जुत्ता जस्ता सहायक सामग्रीको प्रयोगबाट सामान्य हिडडुल लगायत दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न सक्ने।

२. विभिन्न कारणले घुँडामुनिको अङ्गमा मात्र प्रभाव परेको तर सहायक सामग्रीको प्रयोग नगरी पनि सामान्य हिँडडुल गर्नसक्ने, कुम वा पाखुरा भन्दा मुनी एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम गर्न नसक्ने।



सन्दर्भ स्रोतहरू :
अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी) २००६
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४
अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी नियमावली २०७७
अपाङ्गता स्रोत पुस्तिका २०७८
श्रवणदृष्टि विहीनता सम्बन्धी स्रोत पुस्तिका २०७९

३. दुवै हातको हत्केलाभन्दा मुनिका कम्तीमा बूढी औंला र चोरी औंला गुमाएका।

४. दुवै गोडाको कुर्कुच्चाभन्दा मुनिको भाग नभएका तर सामान्य हिडडुल गर्न सक्ने।

५. मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको, सिकाइमा ढिलाइ भएका दैनिक क्रियाकलाप स्वयं गर्न सक्ने बौद्धिक अपाङ्गता र अटिजम भएका व्यक्तिहरु

६. श्रवणयन्त्रको प्रयोगबाट वा ठूलो आवाज मात्र सुन्न सक्ने व्यक्तिहरू।

७. शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाँटीको नलीबाट मात्र बोल्नुपर्ने अवस्था भएका व्यक्तिहरु।

८. ओठ तालु फाटेको कारण बोली अस्पष्ट भएका व्यक्तिहरु।

९. बोल्दा अड्किने, शब्द वा अक्षर दोहोर्याउने समस्या तीव्र भएका व्यक्तिहरू।

१०. तीन फिट भन्दा मुनिका व्यक्तिहरू।

११. चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवणदृष्टि विहिन व्यक्तिहरु, लेन्स वा म्याग्नीफायरको प्रयोगबाट मात्र पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु।

१२. अनुवशीय रक्तश्राव (हेमोफेलिया) सम्बन्धी समस्या भई दैनिक हिँडडुलमा कठिनाइ हुने व्यक्तिहरु।

१३. मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु।

ग' वर्गको परिचय पत्र प्राप्त गर्ने अपाङ्गता भएका व्यक्तिले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यवस्था हाल सम्म भएको छैन।

## २.२.४ सामान्य अपाङ्गता परिचय-पत्र (घ वर्ग)

सेतो रङ्गको परिचय पत्र शारीरका अङ्गहरूमा सामान्य समस्याहरू रहेको भएतापनि दैनिक जीवन संचालनमा खासै कठिनाइ नभएको अवस्था भएको व्यक्तिलाई नेपाल सरकार स्थानिय तहले यो 'घ' वर्गको अपाङ्गता परिचय पत्र प्रदान गर्दछ। देहाय अनुसारका व्यक्तिहरुले सेतो कार्ड प्राप्त गर्दछन्।

१. शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी सामान्य विचलन भएका तर दैनिक जीवनका क्रियाकलापहरु स्वयम सम्पादन गर्न सक्ने व्यक्तिहरु।

२. हात वा खुट्टा केही छोटो भएका, एक हातको हत्केला भन्दा मुनी नचल्ने वा गुमाएका, एक हातको हत्केलाभन्दा मुनिका कम्तीमा बूढी औंला र चोरी औंला गुमाएका वा दुवै हातको हत्केला मुनिका कम्तीमा बूढीऔंला र चोरीऔंला नभएका व्यक्तिहरु।

३. ठूलो अक्षर पढ्नसक्ने न्यून दृष्टियुक्त व्यक्तिहरू।

४. दुवै गोडाको सबै औंलाका भागहरु नभएका व्यक्तिहरु।

५. श्रवणयन्त्र लगाई ठूलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरू।

अपांगताको पहिचान
सन्दर्भ स्रोतहरू :
अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी) २००६
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४
अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी नियमावली २०७७
अपाङ्गता स्रोत पुस्तिका २०७८
श्रवणदृष्टि विहीनता सम्बन्धी स्रोत पुस्तिका २०७९

शारीरका अङ्गहरूमा सामान्य समस्याहरू रहको भएतापनि दैनिक जीवन संचालनमा खासै कठीनाइ नभएको अवस्था भएको व्यक्तिलाई नेपाल सरकार स्थानिय तहले यो ‘घ’ वर्गको अपाङ्गता परिचय पत्र प्रदान गर्दछ ।

‘घ’ वर्गको परिचय पत्र प्राप्त गर्ने अपाङ्गता भएका व्यक्तिले सामाजिक सुरक्षा भत्ता हाल सम्म प्रदान गरिएको छैन ।

अपांगताको पहिचान

सन्दर्भ स्रोतहरू :

अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी) २००६
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४
अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी नियमावली २०७७
अपाङ्गता स्रोत पुस्तिका २०७८
श्रवणदृष्टि विहीनता सम्बन्धी स्रोत पुस्तिका २०७९